# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, कात्तिक १६ गते २०६१ साल (संख्या २८

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी प्रहरी प्रधान कार्यालयको लागि चीनबाट प्रतितपत्रको माध्यमबाट खरिद गर्ने तपसिलबमोजिमका सामानहरू आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | सामानको विवरण | परिमाण | जम्मा मूल्य (अमेरिकी डलर) |
|---|---|---|---|
| १. | ऊनी कमिज कपडा | ३०,००० मिटर | २३७,०००।– |
| २. | ऊनी पाइन्ट कपड़ा | २५,००० मिटर | २२८,७५०।– |
| ३. | स्लिपिङ ब्याग | १०,००० मिटर | १४५,०००।– |
| ४. | नाइलन झुल | १५,००० मिटर | ७७,२५०।– |
| ५. | मेटोरोला सञ्चार उपकरण र सोको स्पेयर पार्टस | | १७६,००३।८६ |

आज्ञाले,
मणिराम ओझा
कानुन अधिकृत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९५९

# भाग ४

## नेपाल अधिराज्यका
## महालेखा परीक्षकको विभागको सूचना

महालेखा परीक्षकले लोक सेवा आयोगको सिफारिशमा महालेखा परीक्षकको विभागका कर्मचारीहरुसम्बन्धी नियमावली, २०५० बमोजिम लेखापरीक्षण सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका निर्देशक श्री सुकदेव खत्रीलाई राजपत्राङ्कित प्रथम श्रेणीको नायव महालेखा परीक्षक पदमा २०६१ साल असोज १ गतेदेखि जेष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरी यस विभागमा पदस्थापन गरेको छ।

आज्ञाले,
प्रचण्डलाल झा
उपमहालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

952